# राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७४।१०।२

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४" रहेको छ।

   (२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

   (क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

   (ख) "निर्वाचन" भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ बमोजिम हुने राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले कुनै सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ।

   (ग) "निर्वाचन अधिकृत" भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ७ बमोजिम नियुक्त निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ।

   (घ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको जिल्ला स्थित निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

   (ङ) "निर्वाचन कार्यालय" भन्नाले निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको जिल्ला स्थित क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

   (च) "निर्वाचन सम्पन्न भएको मिति" भन्नाले मतपरिणाम घोषणा भएको मिति सम्झनुपर्छ।

   (छ) "मतदान अधिकृत" भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा १० बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

## परिच्छेद–२

## निर्वाचन अधिकृतको कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन र आर्थिक कारोबार सम्बन्धी व्यवस्था

3. **कार्यालय स्थापना गर्नुपर्ने:** निर्वाचन अधिकृतले आफू खटिएको जिल्लाको जिल्ला सदरमुकाममा रहेको निर्वाचन कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ।

4. **निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी सम्बन्धी व्यवस्था:** (१) निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहनेछन्।

| | |
|---|---|
| (क) निर्वाचन अधिकृत | एक जना |
| (ख) सहायक निर्वाचन अधिकृत (राजपत्रांकित द्वितीय वा तृतीय श्रेणी) | एक जना |
| (ग) आचारसंहिता अनुगमन अधिकृत (सम्बन्धित जिल्लाको निर्वाचन अधिकारी) | एक जना |
| (घ) लेखापाल (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक जना |
| (ङ) सहायकस्तर कर्मचारी (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक जना |
| (च) सहायकस्तर कर्मचारी (राजपत्र अनंकित द्वितिय श्रेणी सरह) | एक जना |
| (छ) कम्प्युटर अपरेटर (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक जना |
| (ज) हलुका सवारी चालक | एक जना |
| (झ) कार्यालय सहयोगी | दुई जना |
| (ञ) सुरक्षा गार्ड (पि.एस.ओ.) | एक जना |

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम आफ्नो कार्यालयमा रहने जनशक्ति सम्बन्धित निर्वाचन कार्यालय वा जिल्ला सदरमुकाममा रहेका नेपाल सरकार वा प्रदेश सरकारका कार्यालयबाट काजमा ल्याउनु पर्नेछ।

5. **संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने:** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नु पर्नेछ।

6. **रकम निकासा दिनुपर्ने:** निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयलाई प्राप्त अख्तियारी बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयको नाममा निकासा दिनु पर्नेछ ।

## परिच्छेद–३
## निर्वाचन अधिकृतको कार्यालयको खर्च सम्बन्धी व्यवस्था

7. **निर्वाचन भत्ता (२११११)** : (१) दफा ४ मा उल्लिखित कर्मचारीमध्ये निर्वाचन अधिकृतले नियुक्ती पाएको दिनदेखि र अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि निर्वाचन सम्पन्न भएको मितिले सात दिनसम्म निर्वाचन भत्ताबापत आफूले खाइपाई आएको मासिक तलबको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम पाउनेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारीले कार्यालयमा हाजिर भएको दिनको देहाय बमोजिमको दरले खाजा खाना बापतको रकम पाउनेछः—

(क) निर्वाचन अधिकृत अन्य अधिकृतस्तरका कर्मचारीले सातसय रुपैयाँ,

(ख) सहायकस्तरका कर्मचारीले पाँचसय पचास रुपैयाँ,

(ग) हलुका सवारी चालक, कार्यालय सहयोगी र सुरक्षागार्ड (पि.एस.ओ.) ले पाँचसय रुपैयाँ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन भ्रमण वा अन्य कुनै कारणले कार्यालयमा हाजिर नभएको दिनको खाजा खाना बापतको रकम पाईने छैन।

(४) निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन ।

८. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्था (२११११)** : (१) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयको सुरक्षाका लागि निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालय एउटै भवनमा रहेको अवस्थामा जम्मा पाँच जना र निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालय अलग अलग भवनमा रहेको अवस्थामा प्रत्येक कार्यालयमा पाँचजना सुरक्षाकर्मी रहनेछन्।

(२) मतगणनास्थलको सुरक्षाको लागि मतगणनास्थलमा थप दश जना सुरक्षाकर्मी रहने छन्।

(३) उपदफा (१) र (२) बमोजिमका सुरक्षाकर्मीले प्रतिव्यक्ति प्रतिदिनका लागि पाँचसय रुपैयाँका दरले खाजा खाना बापतको रकम पाउनेछन्। त्यस्ता सुरक्षाकर्मीले सिफ्ट बमोजिम काम गरेको अवस्थामा त्यस्तो रकम दामासाहीले पाउनेछन्।

(४) उपदफा (३) बमोजिम सुरक्षाकर्मीलाई खाजा खाना बापतको रकम उपलब्ध गराउँदा निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा रहने सुरक्षाकर्मीलाई निर्वाचन अधिकृतको कार्यालय स्थापना भएदेखि उक्त कार्यालय रहँदासम्म र मतगणनास्थलमा खटिएका थप सुरक्षाकर्मीलाई मतदानको दिन देखि मतगणना सम्पन्न भएको दिनसम्म उपलब्ध गराउनु पर्नेछ।

९. **भ्रमण खर्च (२२६१२)** : (१) निर्वाचन अधिकृत आफ्नो पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र निर्वाचन सम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किंदासम्मको अवधिको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सो

नियमावलीको अनुसूची –२ मा उल्लिखित तहले पाउने दैनिक तथा भ्रमण भत्ता सोही नियमावलीको नियम ७ को उपनियम (७) बमोजिम भुक्तानी पाउनेछ ।

तर दफा ४ बमोजिम काजमा आएको अन्य कर्मचारीले कार्यालयमा रहँदाको अवस्थामा दैनिक भत्ता पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो पदाधिकार रहेकै जिल्लामा खटिएको निर्वाचन अधिकृतले दैनिक तथा भ्रमण भत्ता पाउने छैन।

तर पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान पन्ध्र किलोमिटरभन्दा बढी भएमा त्यस्तो निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

(३) उपदफा (१) बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने निर्वाचन अधिकृतले दफा ७ को उपदफा (२) बमोजिमको खाजा खाना खर्च पाउने छैन।

१०. **पानी तथा बिजुली (२२१११) :** निर्वाचन अधिकृतको कार्यालयले पानी, धारा तथा बिजुली बापत सो कार्यालय रहेसम्म सातहजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

११. **सञ्चार खर्च (२२११२) :** (१) निर्वाचन अधिकृतको कार्यालयका लागि एक लाईन टेलिफोन र ईन्टरनेट जडान गर्न वा भाडामा लिन सकिनेछ। यसरी टेलिफोन र ईन्टरनेट जडान गर्दा वा भाडामा लिंदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालयबाट हुनेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयले सञ्चार महशुल बापत सो कार्यालय रहेसम्म पाँचहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ ।

(३) निर्वाचन सम्बन्धी कामको लागि निर्वाचन अधिकृतलाई मोबाइल तथा फुटकर टेलिफोन सुविधा बापत निर्वाचन अवधिभरका निमित्त एकमुष्ट दुईहजार रुपैयाँ उपलब्ध गराईनेछ।

(४) निर्वाचन सम्पन्न भएपछि उपदफा (१) बमोजिमको टेलिफोन तथा ईन्टरनेट बन्द गर्ने दायित्व निर्वाचन कार्यालयको हुनेछ।

१२. **कार्यालय सम्बन्धी खर्च (२२३११) :** निर्वाचन अधिकृतको कार्यालयले कार्यालय सम्बन्धी कामका लागि निर्वाचन अवधिभर बीसहजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

१३. **मर्मत तथा सम्भार (२२२१२) :** निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभरका लागि मर्मत तथा सम्भार बापत दशहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ।

१४. **इन्धन तथा अन्य इन्धन (२२२११) :** निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभर बीसहजार रुपैयाँसम्म इन्धन तथा अन्य इन्धन बापत खर्च गर्न सक्नेछ।

१५. **विविध खर्च (२२७११) :** निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभर अतिथि सत्कार तथा भैपरी आउने कामको लागि दशहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ ।

## परिच्छेद–४

## <u>मतदान केन्द्रमा खटिने जनशक्ति र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था</u>

१६. **<u>मतदान केन्द्रमा खटिने जनशक्ति तथा पाउने सुविधा (२२६१२)</u>:** (१) प्रत्येक मतदान केन्द्रमा देहाय बमोजिमका कर्मचारी रहने छन्।

(क) मतदान अधिकृत (रा.प.द्वितीय श्रेणी) एक जना

(ख) सहायक मतदान अधिकृत (रा.प.तृतीय श्रेणी) एक जना

(ग) सहायक कर्मचारी (रा.प. अनंकित प्रथम वा द्वितीय श्रेणी) (नङमा मसी लगाउने प्रयोजनका लागि कम्तीमा एकजना महिला सहित) पाँच जना

(घ) कार्यालय सहयोगी (कम्तीमा एकजना महिला सहित) दुई जना

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा सम्बन्धित जिल्लाको सदरमुकाम स्थित नेपाल सरकार वा प्रदेश सरकारको कार्यालयका कर्मचारी मात्र खटाउनु पर्नेछ।

(३) मतदान केन्द्रमा खटिने कर्मचारीलाई देहाय बमोजिमको दैनिक तथा भ्रमण खर्च सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराईनेछः-

(क) मतदान अधिकृतलाई प्रतिदिन दुई हजार पाँचसय रुपैयाँ,

(ख) सहायक मतदान अधिकृतलाई प्रतिदिन दुईहजार रुपैयाँ,

(ग) सहायक कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार छसय रुपैयाँ,

(घ) कार्यालय सहयोगीलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार दुईसय रुपैयाँ।

(४) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई नियुक्ति बुझी सम्पर्क राख्न एक दिन र मतदान केन्द्रमा रहने चार दिन गरी जम्मा पाँच दिनको दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

१७. **<u>मतदान अधिकृतको थप सुविधा (२२७११)</u>:** मतदान अधिकृतलाई मतदान समाग्री ढुवानी, मोबाईल फोन रिचार्ज तथा अन्य विविध कार्यका लागि थप सुविधा बापत एकमुष्ट दुईहजार रुपैयाँ उपलब्ध गराईनेछ।

१८. **<u>मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च (२२७११)</u>:** मतदान अधिकृतलाई मतदान केन्द्र निर्माण तथा व्यवस्थापन गर्न पाँचहजार रुपैयाँ उपलब्ध गराईनेछ ।

१९. **<u>खर्च लेखी भुक्तानी दिनुपर्नेः</u>** मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई दफा १६, १७ र १८ बमोजिम दैनिक तथा भ्रमण भत्ता रकम हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची–१ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ।

२०. **<u>बिल भर्पाई पेश गर्नु नपर्नेः</u>** मतदान अधिकृत तथा अन्य कर्मचारीले दफा १६, १७ र १८ बमोजिमको खर्चको बील भर्पाई पेश गर्नुपर्ने छैन ।

## परिच्छेद–५

## <u>मतगणना सम्बन्धी व्यवस्था</u>

२१. **<u>मतगणनाको लागि जनशक्ति र खर्च (२११११)</u>** : (१) मतगणना कार्यका लागि प्रत्येक सिफ्टमा देहाय बमोजिमको जनशक्ति रहेको मतगणना टोली हुनेछः—

| | |
|---|---|
| (क) प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक जना |
| (ख) सहायक मतगणना अधिकारी (अधिकृत स्तर) | दुई जना |
| (ग) गणक | तीन जना |
| (घ) कम्प्युटर अपरेटर (डाटा ईन्ट्री गर्ने प्रयोजनका लागि) | एक जना |
| (ङ) कार्यालय सहयोगी (निर्वाचन अधिकृतको कार्यालयमा रहेका कर्मचारीहरु मध्येबाट) | एक जना |

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा उपलब्ध भएसम्म निर्वाचन अधिकृतको कार्यालयका कर्मचारी मध्येबाट खटाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मतगणना टोलीमा रहेको कर्मचारीले आठ घण्टा मत गणना गरेमा एक सिफ्ट मानी प्रत्येक सिफ्टका लागि देहाय बमोजिम रकम उपलब्ध गराईनेछः-

(क) प्रमुख मतगणना अधिकारीलाई दुईहजार पाँचसय रुपैयाँ,

(ख) सहायक मतगणना अधिकारीलाई दुईहजार रुपैयाँ,

(ग) गणक तथा कम्प्युटर अपरेटरलाई प्रतिव्यक्ति एकहजार छसय रुपैयाँ,

(घ) कार्यालय सहयोगीलाई एकहजार दुईसय रुपैयाँ।

२२. **<u>मतगणना व्यवस्थापन खर्च</u>** : (१) निर्वाचन अधिकृतको कार्यालयले मतगणना स्थलमा आवश्यक पर्ने गुन्द्री, कार्पेट, चकटी, बत्ती, पानी, जेनेरेटर, माईक, छेकावारा आदिको व्यवस्थापन गर्न (ख. शी. नं २२३११ कार्यालय सम्बन्धीबाट) पचास हजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चियापान बापत प्रत्येक सिफ्टका लागि (ख. शी. नं २२७११ विविधबाट) पाँचहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ।

## परिच्छेद–६

## <u>स्रेस्ता राख्ने तथा लेखा परीक्षण गर्ने सम्बन्धी व्यवस्था</u>

२३. **<u>स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्नेः</u>** (१) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम बजेट सीट, खर्चको फाँटवारी, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, बैंक नगदी किताब, पेश्की लेजर आदिमा रीतपूर्वकको स्रेस्ता राख्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएको मितिले सात दिनभित्र अख्तियारीसाथ दिईएको वर्गीकरण र अनुसूची–२ बमोजिमको खर्चको फाँटबारी तयार गरी आन्तरिक लेखा परीक्षणको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

२४. **<u>खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने:</u>** निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतले हरेक खर्चको बील, भर्पाई र फाँटवारी प्रमाणीत गरी राख्नु पर्नेछ ।

२५. **<u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने:</u>** (१) निर्वाचन अधिकृतले यस निर्देशिकामा उल्लेख भए बमोजिमको शीर्षकमा तोकिएकोभन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्ट्याई सहित स्वीकृतिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ र सो सम्बन्धमा आयोगले दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा स्पष्टताका लागि आयोगमा अनुरोध गर्न सक्नेछ।

२६. **<u>राजश्व खातामा रकम दाखिला गर्नुपर्ने:</u>** निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गर्नु पर्नेछ।

२७. **<u>रकम फिर्ता गर्नुपर्ने:</u>** निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा त्यस्तो बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ।

२८. **<u>बाँकी धरौटी रकम जम्मा गर्ने:</u>** निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएको मितिले सात दिनभित्र धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा जम्मा गरी त्यस्तो खाता बन्द गर्नुपर्नेछ र सोको जानकारी सहितको विवरण आयोग, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्वाचन कार्यालयमा दिनु पर्नेछ ।

२९. **<u>फाँटवारी पठाउनु पर्ने:</u>** निर्वाचन अधिकृतको कार्यालयले बजेट उपशीर्षकगत र खर्च शीर्षकगत फाँटवारी आयोगमा पठाउनु पर्नेछ।

३०. **<u>आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता पठाउनु पर्ने:</u>** (१) निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएको मितिले दश दिनभित्र विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखा परीक्षण भई प्रतिवेदन प्राप्त भएपछि निर्वाचन सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र सो सम्बन्धी सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि आयोगमा बुझाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मौज्दात रहेका सम्पूर्ण जिन्सी सामान कार्यालय बन्द भएपछि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भर्पाईको प्रतिलिपि समेत स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ ।

३१. **अन्तिम लेखा परीक्षणः** दफा ३० को उपदफा (३) बमोजिमका स्रेस्ता प्राप्त भएपछि आयोगले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनेछ।

३२. **निर्वाचन अधिकृतको दायित्वः** आर्थिक कारोबार गर्दा गराउँदा निर्वाचन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) यस निर्देशिका बमोजिम खर्च गर्दा प्राप्त अख्तियारीको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट मात्र रीतपूर्वक र मितव्ययिता साथ खर्च गर्ने,

(ख) खर्च भएको रकमको यथा समयमा आन्तरिक लेखापरीक्षण गराई आयोगमा स्रेस्ता बुझाउने,

(ग) लेखा परीक्षणबाट औंल्याइएको बेरुजु फछ्र्यौट वा असुल गर्नुपर्ने भए फछ्र्यौट वा असुल समेत गरी बेरुजु फछ्र्यौट गर्ने, सो सम्बन्धमा कुनै स्पष्टीकरणको आवश्यकता देखिएमा सोको जानकारी आयोगमा पठाउने र कुनै किसिमको पेश्की रकम बाँकी र बेरुजु नहुनेतर्फ ध्यान दिने।

३३. **असूल उपर गरिनेः** (१) यस निर्देशिकाको उल्लंघन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ। सोको अभिलेख सम्बन्धित अधिकारीको तालुक निकायमा समेत पठाईनेछ।

(२) निर्वाचनको कार्यमा खटिएको कुनै कर्मचारीले यस निर्देशिका बमोजिम पाउने सुविधा बापतको रकम बुझी सकेपछि निजले आयोग वा निर्वाचन अधिकृतले तोकेको जिम्मेवारी पूरा नगरेमा त्यस्तो कर्मचारीबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद–७

## विविध

३४. **करकट्टी सम्बन्धी व्यवस्थाः** दफा ७, ८ र २१ बमोजिमका रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्नेछ।

३५. **खर्च सार्वजनिक गर्नुपर्नेः** निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएपछि निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।

३६. **आर्थिक व्यवस्थापन समिति (२१११९)** : (१) यस निर्देशिका बमोजिमको आर्थिक व्यवस्थापन गर्न आयोगमा देहाय बमोजिमको एक आर्थिक व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | माननीय निर्वाचन आयुक्त (आर्थिक व्यवस्थापन हेर्ने) | -संयोजक |
| (ख) | सचिव, आयोग | -सदस्य |
| (ग) | सहसचिव, प्रशासन महाशाखा | -सदस्य |
| (घ) | सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा | -सदस्य |
| (ङ) | उपसचिव, (लेखा) आर्थिक प्रशासन शाखा | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार आयोग र अन्य निकायका पदाधिकारी वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले नियमानुसारको बैठक भत्ता तथा सुविधा पाउने छन्।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३७. **निकासा बाँडफाँट सिफारिस समिति (२१११९)** : (१) यस निर्देशिका बमोजिम रकम निकासा बाँडफाँटको सिफारिस गर्न आयोगमा देहाय बमोजिमको बजेट बाँडफाँट सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सहसचिव, प्रशासन महाशाखा | -संयोजक |
| (ख) | उपसचिव, (लेखा) आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ग) | लेखा अधिकृत, केन्द्रीय बजेट हेर्ने | -सदस्य |
| (घ) | लेखा अधिकृत, विनियोजन हेर्ने | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार आयोग र अन्य निकायका पदाधिकारी वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले नियमानुसारको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **जिल्ला निर्वाचन व्यवस्थापन समिति (२१११९)**: (१) निर्वाचन व्यवस्थापन कार्यको समन्वय गर्न निर्वाचन अधिकृतको कार्यालय रहेको प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला निर्वाचन व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | निर्वाचन अधिकृत | -संयोजक |
| (ख) | प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (ग) | स्थानीय विकास अधिकारी | -सदस्य |
| (घ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुख | -सदस्य |
| (ङ) | कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख | -सदस्य |
| (च) | निर्वाचन अधिकारी | सदस्य |
| (छ) | सहायक निर्वाचन अधिकृत | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य व्यक्ति तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक निर्वाचन अवधिभर तीन पटकसम्म बस्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको प्रत्येक बैठकका लागि चार हजार रुपैयाँसम्म विविध खर्च गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं तीन जनासम्म आमन्त्रित सदस्यले निर्वाचन अधिकृतको कार्यालयबाट नियमानुसारको बैठक भत्ता सुविधा पाउनेछन्।

(७) उपदफा (१) बमोजिमको समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

अनुसूची–१

(दफा १९ सँग सम्बन्धित)

निर्वाचन आयोग

राष्ट्रिय सभा सदस्य निर्वाचन

निर्वाचन अधिकृतको कार्यालय

प्रदेश नं ....

जिल्ला...........

**<u>मतदान अधिकृत तथा अन्य कर्मचारीले दैनिक तथा भ्रमण भत्ता बुझाएको भर्पाई</u>**

नियुक्ति पत्रको च.नं. ... .....................

मितिः २०७४। .. ... .........................

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ... ३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

३. नियुक्ति लिन उपस्थित हुँदा र तयारी म्यादको दिनः १ दिन र मतदान केन्द्रमा रहने दिनः ४ दिन सहित जम्मा दिनः ४

५. कर्मचारीको नाम, थरः

६. पदः मतदान अधिकृत/सहायक मतदान अधिकृत/सहायक कर्मचारी/सहयोगी कर्मचारी

७. तह/श्रेणीः

८. कार्यरत कार्यालयको नाम र ठेगानाः

९. मतदान केन्द्रमा खटिने कर्मचारीको खर्चः

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | जम्मा दिन | दर रु | जम्मा रकम रु | कैफियत |
| १ | दैनिक भत्ता | **५** | | | |
| २ | मतदान केन्द्र निर्माण खर्च | | | | |
| ३ | दफा ..... अनुसार मतदान अधिकृतको थप सुविधा | | | | |
| ४. जम्मा रकम (अंक र अक्षरमा) | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको

नामः सही र मितिः

रकम दिने कर्मचारीको

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको

नामः सही र मितिः

*द्रस्टव्यः क्र.स. ९ को सि.नं. २ र ३ अनुसारको सुविधा मतदान अधिकृतलाई मात्र दिनुपर्नेछ।*

अनुसूची–२

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

राष्ट्रिय सभा सदस्य निर्वाचन

निर्वाचन अधिकृतको कार्यालय

प्रदेश नं ....

जिल्ला......................

**वर्गीकरण बमोजिमको खर्चको फाँटवारी**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | आर्थिक निर्देशिका को दफा | खर्च वर्गीकरणको क्रियाकलाप | यस महिनाको खर्च | विनियोजित रकम | यस महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
| १ | ७ | निर्वाचन भत्ता | | | | | |
| २ | ८ | सुरक्षाकर्मीको खर्च | | | | | |
| ३ | ९ | भ्रमण खर्च | | | | | |
| ४ | १० | पानी तथा बिजुली | | | | | |
| ५ | ११ | संचार खर्च | | | | | |
| ७ | १२ | कार्यालय सम्बन्धी खर्च | | | | | |
| ८ | १३ | मर्मत तथा संभार | | | | | |
| ९ | १४ | इन्धन तथा अन्य इन्धन | | | | | |
| १० | १५ | विविध खर्च | | | | | |
| ११ | १६ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा | | | | | |
| १२ | १७ | मतदान अधिकृतको थप सुविधा | | | | | |
| १३ | १८ | मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च | | | | | |
| १४ | २१ | मतगणनाका लागि जनशक्तीको खर्च | | | | | |
| १५ | २२ | मतगणना व्यवस्थापन खर्च | | | | | |
| १६ | ३८ | जिल्ला निर्वाचन व्यवस्थापन समितिको खर्च | | | | | |
| | | **जम्मा** | | | | | |

............................ ..........................

पेश गर्ने सदर गर्ने